फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानबाट केही दिनदेखि ६ बुँदे माग राखी गरिरहेको आन्दोलनप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। आन्दोलनरत अभियानसँग मन्त्रालयले पटक-पटक छलफल गरी समस्या समाधानको लागि प्रयास गरिरहेको व्यहोरा सबैमा जानकारी गराउँदछौं। सहकारी ऐन, २०७४ र ऐ. नियमावली, २०७५ बमोजिम सहकारीका बचतकर्ताहरुको निक्षेप रकम सुरक्षाको लागि निक्षेप तथा कर्जा सुरक्षण कोषमा आवद्ध गराउने प्रक्रिया थालनी गरिएको, सहकारी नियमावली संशोधनको प्रक्रिया अन्तिम चरणमा पुगेको, सहकारीको ऋण असुली मुद्दाको कारवाही र किनारा गर्न कर्जा असुली न्यायाधिकरण गठन गरी कार्यसञ्चालनमा ल्याइएको, सहकारी पीडित बचतकर्ताहरुको बचत रकम फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि कार्यविधिको मस्यौदा तयार गर्न सम्बन्धित निकायहरुसँग समन्वय र छलफल भइरहेको, बैंक तथा वित्तीय संस्थाहरुबाट सहकारीसम्बद्ध सम्पत्ति लिलाम गर्दा सहकारी बचतकर्ताले समेत बचत फिर्ता पाउने व्यवस्था मिलाउन सम्बन्धित निकायहरुसँग समन्वय भइरहेको, समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीको कार्यलाई थप प्रभावकारी बनाई समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको काम कारवाहीलाई पारदर्शी बनाउन आवश्यक पहल गरिएको, सहकारी पीडित बचतकर्ताहरुको गुनासो व्यवस्थापन गर्न छुट्टै सहायता कक्ष स्थापनाको प्रक्रिया अगाडि बढाइएको, सहकारी पीडित बचतकर्ताको बचत फिर्ता तथा सहकारी ठगी गर्ने जोसुकै व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याउन आवश्यक परेमा कानून संशोधनको प्रकृया अगाडि बढाउन मन्त्रालय सकारात्मक रहेको व्यहोरा जानकारी गराउदै आन्दोलनरत पक्षलाई आन्दोलनका सबै कार्यक्रम स्थगन गरी संवादको प्रक्रियाबाट समाधान खोज्न मन्त्रालय हार्दिक अपील गर्दछ।

(दामोदर बाग्ले)
सहायक-प्रवक्ता

२०८२ साल मंसीर ७ गते आइतबार
ने.सं. ११४६ थिंल्लाथ्व ३